स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री रेखा थापाले नयाँ फिल्म “काउकुती” घोषणा गरेकी छिन्। गत सोमबार साँझ भारतको उत्तराखण्डस्थित कैंची धाम (हिन्दु सन्त नीम करोली बाबाका कारण परिचित मन्दिर)मा विशेष पूजाआजा गरेर नयाँ कामको सुरुवात भन्दै रेखाले फिल्मको औपचारिक घोषणा गरेकी हुन्। रेखाको यो फिल्म आफ्नो ब्यानरको ८ औं फिल्मको रुपमा रहनेछ।

आजको विचार...



सविधान...
(दुई पेजमा)

केदार खड्का

चलचित्र निर्देशक तथा कलाकार निश्चल बस्नेतले चलचित्र विकास बोर्ड र सेन्सर बोर्ड खारेज गर्न माग गरेका छन्। प्रदर्शनको अन्तिम तयारीमा रहेको चलचित्र “लालीबजार” लाई अदालतले प्रदर्शनमा रोक लगाउने आदेश दिएपछि बस्नेतले आक्रोश व्यक्त गर्दै यस्तो धारणा राखेका हुन्। “लालीबजार” वैशाख १८ गतेदेखि देशभर प्रदर्शन हुने तयारीमा थियो। तर, वादी समुदायको विषयमा फिल्ममा समेटिएको विषयवस्तुप्रति असन्तुष्टि जनाउँदै रोशनी नेपालीले सोमबार मुद्दा दायर गरेकी थिइन्।



❐ वर्ष ३१ ❐ अंक २७१ ❐ २०८३ बैशाख १७ गते बिहीबार 30 April 2026, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### अष्ट्रेलियामा विमान दुर्घटना २ को मृत्यु

(रासस/एएनआई)——

**अस्ट्रेलिया,** वैशाख १६/दक्षिण अस्ट्रेलियाको एडिलेडको पाराफिल्ड एयरपोर्टमा अवतरण गर्ने क्रममा विमान दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको स्थानीय मिडियाले जनाएका छन् । दुर्घटखामा परेर एक जना पाइलट र एक जना यात्रुको मृत्यु भएको बताइएको छ । दुर्घटनामा घाइते भएका अन्य ११ जनालाई उपचारका लागि अस्पतालमा लगिएको स्थानीय मिडियाले जनाएका छन् । आपतकालीन सेवाले घटना पछि उद्धार र राहतको लागि नजिकैको क्षेत्र खाली गरिएको प्रहरीले विज्ञप्ति मार्फत जनाएको छ । प्रहरीका अनुसार एक जना घाइतेलाई गम्भिर चोट लागेको थियो भने अन्यलाइ सामान्य भाट पटक लागेको थियो । “उडानको केही समय पछि नै विमान विमानस्थल स्रोतसँग सम्पर्क विहिन भई दुखद दुर्घटनाग्रस्त भएको विमानस्थलका प्रमुख निरीक्षक एन्ड्र्यू म्याक्र्याकेनलाई उदृत गर्दै एबीसी न्यूजले जनाएको छ । दुर्घटना पछि बाक्लो कालो धुवाँ नजिकैको क्षेत्रमा फैलिएकाले अग्नि नियन्त्रक सेवाले प्रवावित क्षेत्रका मानिसहरूलाई घर भित्रै बस्न सल्लाह दिएको छ । अस्ट्रेलियाली यातायात सुरक्षा ब्यूरोले दुर्घटनाको अनुसन्धान सुरु गरिसकेको जनाएको छ ।

# जात्रा–पर्व संरक्षणमा पाल्पा उद्योग वाणिज्य संघको चासो

## पाल्पामा जात्रा–पर्व चलाउनेलाई आर्थिक सहयोग

रामचन्द्र रायमाझी ——

**पाल्पा,** वैशाख १६/ पाल्पाका उद्योगी तथा व्यवसायीहरुको छाता संगठन पाल्पा उद्योग वाणिज्य संघले पाल्पाका ऐतिहासिक जात्रा- पर्वहरुको संरक्षणमा चासो देखाएको छ । संघले इतिहास बोकेका यहाँका सांस्कृति, चाडपर्व, जात्राहरु आर्थिक अभावका कारण विस्तारै हराउँदै जान थालेपछि संरक्षणमा चासो देखाएको हो ।

उद्योगी व्यवसायीहरुको हकअधिकार, तानसेनको पर्यटन, खानेपानी जस्ता क्षेत्रमा उल्लेखीय रुपमा काम गर्दै आएको संघले अहिले जिल्लाको कला, संस्कृति, पर्वहरुको संरक्षणमा समेत आफुलाई अग्रस बनाएको छ । उसले आर्थिक अभावका बावजूद पनि यहाँका जात्रा-पर्वहरुलाई निरन्तरता दिर्दै आएका संघ, संस्था र समूहहरुलाई आर्थिक सहयोग गरेको छ । विगतमा जस्तै संघले यस वर्ष पनि जात्रा- पर्वहरुका लागि ७६ हजार आर्थिक सहयोग गरेको छ । उसले



बुधबार एक औपचारिक कार्यक्रम गरी जात्रा- पर्वका लागि आर्थिक रकम सहयोग गरेको हो । संघले श्री ७ रणउजिरेश्वरी भगवती (अक्षयकोष) लागि २५ हजार, पाल्पाली नाट्यकला साँस्कृतिक समुह (लाखे, चुईकी)का लागि ४ हजार, नेवा दय् दबु पाल्पालाई २ हजार ५ सय, नारायण युवा क्लव ( शिवरात्री अक्षयकोष) का लागि ५ हजार, नेवा गुठी, तानसेन (सामुहिक ईहि) का लागि २ हजार, श्री ७ वटुक भैरव गुठी (रथ यात्रा)का लागि ५ हजार, श्री ७ काल भैरव गुठी (रथ यात्रा)का लागि ५ हजार, श्री ७ भिमसेन मन्दिर, भगवती टोल (रथ यात्रा)का लागि २ हजार ५ सय, टक्सार काल भैरव लाखे (लाखे नाँच)का लागि २ हजार ५ सय आर्थिक सहयोग गरेको छ । यस्तै चण्डेश्वरी युवा क्लव, रिब्दीकोट (विविध कार्यक्रम)का लागि ३ हजार, वेशी टोल विकास संस्था, काजीपौवा (रोपाई जात्रा)का लागि ५ हजार, नेपाल अन्तर्राष्ट्रिय कृष्ण भावनामृत संघ (कृष्ण जन्माष्टमी) का लागि २ हजार ५ सय, श्री कृष्ण जन्माष्टमी महोत्सव उ.स.का लागि ४ हजार, पाल्पाली लाँखे चुईकी युवा समुह (राजकुमार गन्धर्व)का लागि ३ हजार र प्रभातकालिन प्रसाद वितरण समिति (महाचैत्य विहार) का लागि ५ हजार संघले सहयोग गरेको छ ।

उक्त सहयोग रकमको चेक संघका अध्यक्ष समिरमान सिंह, निवर्तमान अध्यक्ष, शैलेन्द्र भट्टराई, संघका पुर्व अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासघं लुम्बिनी प्रदेशका एशोसियट उपाध्यक्ष राजु महर्जन, संघका पुर्व अध्यक्ष हरी रायमाझी लगायतले जात्रा-पर्वहरुलाई निरन्तरता दिर्दै आएका संघ, संस्था र समूहहरुका प्रमुख तथा प्रतिनिधिहरुलाई हस्तान्तरण गरेका हुन् । सहयोग रकम हस्तान्तरण गर्दै संघका अध्यक्ष सिंहले जिल्लाका कला, संस्कृति, जात्रा, पर्वहरु जिल्लाका गहना भएकाले तिनीहरुलाई जिवन्त राख्न थोरै भए पनि संघले आर्थिक सहयोग गरेको बताए । उनले भने “हामीहरुले उद्योगी, व्यवसायीहरु र पर्यटन क्षेत्रको विकासमा मात्र हैन, ऐतिहासिक धरोहरका रुपमा रहेका कला, संस्कृतिको जर्गेना गर्ने काममा समेत विगतदेखि सहयोग गर्दै आएका छौं ।” सहयोग रकम ग्रहण गर्दै श्री ७ रणउजिरेश्वरी भगवती मन्दिर व्यवस्थापन समितिका अध्यक्ष अशोकमान महर्जनले संघले आफनो क्षमता अनुसार जुन सहयोग गरेको छ, त्यो प्रशंसनिय रहेको बताए ।

(... बाँकी अन्तिम पेजमा)

## स्वच्छ शहरः स्वस्थ्य शहर

-धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं,
-सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं,
-तोकिएको स्थानमा मात्र फोहोर फालौं,
-करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
-सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं,
-स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
-ध्वनि र वायु प्रदूषण कम गरौं,
-सडकको समयसमयमा मर्मतसम्भार गरौं,
-सडकमा निर्माण सामग्री नराखौं।
शहरलाई सफा राखौः सुन्दर बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु

**बुटवल,** वैशाख १६/रुपन्देहीमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको छ । बस र माइक्रो बस आपसमा ठोक्किर दुईजना र स्कुटर दुर्घटनामा दुई जना गरी चार जनाको मृत्यु भएको हो ।

बुटवल बर्दघाट सडक खण्डको गणेशनगरस्थित प्रतीक्षालय नजिक बस र माइक्रो बस आपसमा ठोक्किएर भएको दुर्घटनामा दुईजनाको मृत्यु भएको छ भने २७ जना घाइते भएका छन् । बुटवलबाट बर्दघाटतर्फ जाँदै गरेको लु १ ख ७२८५ नम्बरको बस र नारायणगढबाट बुटवल आउँदै गरेको बागमती प्रदेश ००ख ८९२८ नम्बरको ईभी माइक्रो बस आपसमा ठोक्किएर दुर्घटना भएको हो । दुर्घटनामा घाइते भएकामध्ये दुईजनाको देवदह मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायव उपरीक्षक निशान्त श्रीवास्तवले बताए । घाइतेहरूको देवदह मेडिकल कलेजमा उपचार भइरहेको




प्रहरीले जनाएको छ । यस्तै, पाल्पाबाट बुटवल जाँदै गरेको स्कुटर दुर्घटना हुँदा दुई युवतीको मृत्यु भएको छ । पाल्पाको नुवाकोटबाट बुटवलतर्फ जाँदै गरेको स्कुटर दुर्घटना हुँदा मंगलबार साँझ दुई युवतीको मृत्यु भएको हो । प्रहरीका अनुसार लु ३४ प ५७६६ नम्बरको स्कुटर ओरालो सडकमा अनियन्त्रित भई दुर्घटना भएको हो । दुर्घटनामा परी कपिलवस्तु बाणगंगा नगरपालिका-७ की १९ वर्षीया निशा कुँवर र बुटवल उपमहानगरपालिका-११, कालिकानगर रामपथकी १८ वर्षीया पूर्णिमा मगरको ज्यान गएको छ । स्कुटर चालक कपिलवस्तु बाणगंगा-७, बनगाईका सोमन श्रेष्ठ गम्भीर घाइते भएका छन् । एउटै स्कुटरमा तीन जना सवार रहेको र साँझ करिब ८ बजेतिर दुर्घटना भएको इलाका प्रहरी कार्यालय बुटवलले जनाएको छ । दुर्घटना लगत्तै घाइतेहरूलाई उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल लगिएको थियो । अस्पताल पुऱ्याए लगत्तै उपचारका क्रममा चिकित्सकले दुई जनालाई मृत घोषणा गरेका थिए । घाइते चालकको उपचार भइरहेको छ । घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## महँगी नियन्त्रणमा मुकदर्शक बनेको सरकार

पछिल्ला दिनहरुमा महँगी अत्याधिक रुपमा बढेको छ । बजार मूल्य नियन्त्रणमा आउन नसकेका कारण उपभोक्ता वर्ग चिन्तित भएका छन् । खासगरी दैनिक उपभोग्य वस्तु खाना पकाउने ग्यास, इन्धन, खाद्यान्न सामग्रीको मूल्य निरन्तर बढ्दै जाँदा सर्वसाधारणको जीवनयापन झन् कठिन बन्दै गइरहेको छ । सीमित आम्दानी र बढ्दो खर्चबिच सन्तुलन कायम गर्न नसक्दा धेरै परिवार आर्थिक दबाबमा परिरहेका छन् । महँगी केवल आर्थिक समस्या मात्र नभई सामाजिक र मानसिक तनावको कारण पनि बनेको छ । बजार अनुगमन गर्ने अख्तियार पाएका सम्बन्धित निकायले मूल्य नियन्त्रणतर्फ भने खासै चासो देखाएको पाइँदैन ।

सरकार आफैं अर्थतन्त्रप्रति त्यति गम्भीर छैन, त्यसमाथि आमनागरिकको दैनिन्दिन चुलोमा नै नकारात्मक असर पर्ने भएपछि सरकार तथा राष्ट्र बैंक दुवैको असफलता झल्किन्छ । भान्साको चुलो बल्न कठिन भएको अवस्था कुनै रूपक होइन, आजको यथार्थ हो । दैनिक उपभोग्य वस्तुदेखि इन्धनसम्मको मूल्यवृद्धिले सर्वसाधारणको ढाड सेकिने अवस्था सिर्जना गरिरहेको छ । तर दुर्भाग्य, यस्तो संवेदनशील घडीमा सरकारको मौनता झन् चिन्ताजनक छ । इन्धन मूल्यवृद्धिले शुरु गरेको महँगीको शृङ्खला अहिले जीवनका सबै क्षेत्रहरूमा फैलिएको छ । यातायात भाडा आकाशिएको छ । तरकारी, अन्न, पानीजस्ता आधारभूत आवश्यकताका वस्तुहरू निरन्तर महँगिँदै छन् । बोतल र जारको पानीमा ४० प्रतिशतसम्मको मूल्यवृद्धि सामान्य घटना होइन, यो बजार नियन्त्रणको कमजोरी र राज्यको अनुपस्थितिको स्पष्ट संकेत हो । महँगी नियन्त्रणका लागि आवश्यक उपकरण सरकारसँग छैनन् भन्ने होइन, तर प्रयोगमा ल्याउन इच्छाशक्ति देखिएको छैन । बजार अनुगमन प्रभावकारी बनाउने, कालोबजारी नियन्त्रण गर्ने, पेट्रोलियममा कर समायोजन गर्ने, सार्वजनिक यातायातमा सहुलियत दिने, अत्यावश्यक वस्तुमा मूल्य नियन्त्रण संयन्त्र लागू गर्ने, यी सबै उपायहरू व्यावहारिक र सम्भव छन् । आम नागरिकको भान्सामा महँगी बढ्दै गएका बेला सरकार र सरोकारवाला निकाय मुकदर्शक भएर बस्न कदापि मिल्दैन । यस सम्बन्धमा स्थानीय प्रशासनले स्थानीय सरकारसँग समन्वय गरेर केही न केही ठोस कदम चाल्न आवश्यक छ ।

## Opinion @ Social Network

भरोसा मै सबै कुरा टिक्ने हो
भरोसा नै नरहे,के आफन्त के सम्बन्ध ।
(राम बहादुर हमालको फेसबुक स्टाटसबाट www.facebook.com/Ram.B Hamal)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संविधान संशोधनः सबै पक्षसँग संवाद अनिवार्य



केदार खड्का

*संविधान संशोधनलाई सतर्कतापूर्वक अघि बढाइएन भने यसले शासकीय स्वरूपमै उथलपुथल ल्याउन सक्छ । यसले वैकल्पिक राजनीतिक व्यवस्थाको बहसलाई अनियन्त्रित रूपमा खोलिदिने जोखिम पनि रहन्छ । त्यसैले संशोधन आवश्यक भए पनि यसको प्रक्रिया संयमित, समावेशी र सहमतिमूलक हुनुपर्छ । दुईतिहाइ बहुमतको बलमा मात्र गरिएको संशोधन दीर्घकालीन रूपमा स्वीकार्य नहुन सक्छ। संविधान जस्तो आधारभूत दस्तावेजमा परिवर्तन गर्दा बृहत्तर सहमति, संवाद र सहकार्य अनिवार्य हुन्छ ।*

मुलुकमा यतिबेला जेनजी आन्दोलनको पृष्ठभूमिमा २१ फागुनमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनबाट करिब दुईतिहाइ बहुमत ल्याउन सफल रास्वपा नेतृत्वको सरकार छ । रास्वपाले निर्वाचनअघि आफ्नो बाचापत्र मार्फत संविधान संशोधन लगायतका मुद्दा अघि सारेको थियो । त्यसैअनुसार रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह नेतृत्वको सरकारले संविधान संशोधनको बहसपत्र तयार पार्न सो पार्टीका नेता तथा पूर्वसांसद असिम शाहको नेतृत्वमा एउटा कार्यदल बनाएको छ । यससँगै मुलुकमा पुनः एकपटक संविधान संशोधनको बहस तातेको छ । नेपालमा संविधान संशोधन अब केवल संसद्भित्र सीमित विषय रहेनह यो सडक, समाज र प्रविधि-युगको साझा परीक्षा बनेको छ । यसले संविधान संशोधनको बहसलाई फेरि निर्णायक मोडमा पुर्‍याएको छ । कार्यदल गठनसँगै यो विषय दलगत तयारीको घेराबाट बाहिरिएर राष्ट्रिय एजेन्डामा रूपान्तरित भएको छ । अब यो बहस राष्ट्रिय सहमति, राजनीतिक परिपक्वता र संवैधानिक जिम्मेवारीको कठोर परीक्षण शुरु भएको छ । तर संविधान संशोधनलाई केवल संसद्मा प्रतिनिधित्व गर्ने दलहरूको विषयका रूपमा बुझ्नु पर्याप्त हुँदैन । संसद्भित्रका शक्ति, संसद् बाहिरका राजनीतिक आवाज, सडकमा सक्रिय जनआन्दोलन, बुद्धिजीवी, स्थानीय विचारनिर्माता, अधिकारकर्मी र प्रविधि-युगका चुनौतीलाई समेटेर मात्र यसको सार्थकता स्थापित हुन्छ । संविधान कुनै दलको घोषणापत्र होइन, न त क्षणिक सत्ता-सम्झौताको दस्तावेज हो। यो राज्य सञ्चालनको आधारभूत खाका हो, त्यसैले यसको संशोधन पनि संकीर्ण राजनीतिक अंकगणित होइन, व्यापक सामाजिक विमर्श, नागरिक सहभागिता र दूरदृष्टिपूर्ण निर्णयबाट मात्र सम्भव हुन्छ । संविधान संशोधनलाई सतर्कतापूर्वक अघि बढाइएन भने यसले शासकीय स्वरूपमै उथलपुथल ल्याउन सक्छ । यसले वैकल्पिक राजनीतिक व्यवस्थाको बहसलाई अनियन्त्रित रूपमा खोलिदिने जोखिम पनि रहन्छ । त्यसैले संशोधन आवश्यक भए पनि यसको प्रक्रिया संयमित, समावेशी र सहमतिमूलक हुनुपर्छ । दुईतिहाइ बहुमतको बलमा मात्र गरिएको संशोधन दीर्घकालीन रूपमा स्वीकार्य नहुन सक्छ। संविधान जस्तो आधारभूत दस्तावेजमा परिवर्तन गर्दा बृहत्तर सहमति, संवाद र सहकार्य अनिवार्य हुन्छ । हाल संविधान संशोधनका सन्दर्भमा केही प्रमुख विषयहरू सतहमा आएका छन्। पहिलो, शासन प्रणालीअन्तर्गत संघ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँटको पुनरावलोकन। दोस्रो, शासन व्यवस्थासँग सम्बन्धित जनप्रतिनिधित्वको संरचना– जसमा जनप्रतिनिधिको संख्या र निर्वाचन प्रणाली दुवै समावेश छन् । नेपालको भूगोल, जनसंख्या र स्रोत-साधनको आधारमा जनप्रतिनिधिको संख्या बढी भएको भन्ने धारणा बढ्दो छ । त्यस्तै, निर्वाचन प्रणाली अत्यधिक खर्चिलो हुनुका साथै अस्थिर परिणाम देखिएको छ, जसले सुधारको आवश्यकतालाई स्पष्ट्याउँछ । त्यसैगरी कार्यकारी र व्यवस्थापकीय अधिकारको संघीय संरचना स्पष्ट भए पनि न्यायपालिकाको संरचना अझै केन्द्रीकृत देखिन्छ । प्रदेश र स्थानीय तहले कानून निर्माण गरे पनि ती कानून कार्यान्वयन गर्ने अभियोजन अधिकार पर्याप्त रूपमा विकेन्द्रीकृत छैन । यसले संघीयताको व्यावहारिक कार्यान्वयनमा चुनौती सिर्जना गरेको छ । न्यायपालिकाको संरचना, मुख्य न्यायाधिवक्ताको भूमिका, न्यायपरिषद् र संवैधानिक परिषद्को कार्यशैली पनि विवादको विषय बनेका छन् । यिनको पुनरावलोकनको माग बलियो हुँदै गएको छ । साथै निर्वाचन प्रणालीलाई अझ समावेशी, प्रभावकारी र खर्च-नियन्त्रित बनाउने बहस पनि तीव्र छ । उपराष्ट्रपतिलाई राष्ट्रिय सभाको अध्यक्ष बनाउने प्रस्तावले पनि समर्थन बटुलिरहेको देखिन्छ । यी सबै विषयमा स्पष्टता ल्याउन राजनीतिक दलहरूले साझा एजेन्डा तय गर्नुपर्नेछ, र असहमतिका विषयलाई खुला छलफलमा लैजानुपर्नेछ । नेपालको संविधान २०७२ ले संघीयता, गणतन्त्र, समावेशिता र मौलिक अधिकारलाई संस्थागत गरेको ऐतिहासिक उपलब्धि हो । तर दशकभन्दा बढीको अभ्यासले केही व्यवस्थाहरू व्यवहारमा कमजोर, अस्पष्ट वा असन्तुलित देखिएका छन् । केही अपवाद बाहेक, नेपालको निर्वाचन प्रणाली महँगो हुनुका साथै राजनीतिक अस्थिरताको जड बन्ने गरेका छन् । संघीयताको कार्यान्वयनमा अधिकार र जिम्मेवारी बीच द्वन्द्व देखिएको छ। नागरिकता सम्बन्धी विवाद निरन्तर रहँदै आएको छ । साथै, राज्यका विभिन्न अंगबीच शक्ति सन्तुलनबारे नयाँ प्रश्नहरू उठेका छन् । यी समस्याहरूको समाधान संविधान संशोधन मार्फत सम्भव छ । तर संशोधनको उद्देश्य सत्ता नियन्त्रण होइन, राज्यलाई नागरिकप्रति बढी उत्तरदायी, समावेशी र सक्षम बनाउनु हुनुपर्छ । संविधान संशोधनको मर्म संकीर्ण राजनीतिक फाइदाभन्दा माथि उठेर राष्ट्रिय हितमा केन्द्रित हुनुपर्छ । संविधान संशोधनको जिम्मेवारी केवल संसद्मा सीमित छैन । संसद् बाहिरका दलहरू, सामाजिक अभियन्ता, विज्ञ, कानूनविद्, पत्रकार र नागरिक समाजको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ । संविधानका प्रावधानहरू केवल कागजी होइनन्, तिनले गाउँदेखि शहरसम्म, शिक्षा, न्याय, उद्योग, श्रम र नागरिक जीवनका सबै पक्षमा प्रत्यक्ष प्रभाव पार्छन् । त्यसैले संशोधन प्रक्रिया खुला, समावेशी र व्यापक संवादमा आधारित हुनुपर्छ । स्थानीय अनुभव, क्षेत्रगत असन्तुष्टि, समुदायगत सरोकार र नागरिक अधिकारका आवाजलाई समेट्नु सफल संशोधनको आधार हो । यदि सरकारले संविधान संशोधनलाई लोकतान्त्रिक सहकार्यको अवसरका रूपमा लिन्छ भने त्यो सहकार्य संसद्मै सीमित हुनुहुँदैन । उज्यालो नेपाल पार्टी सुशासन, समृद्धि र सामाजिक न्यायप्रति प्रतिबद्ध राजनीतिक शक्ति हो । त्यसैले संविधान संशोधनको ऐतिहासिक प्रक्रियामा यसको सहभागिता र सहकार्य स्वाभाविक दायित्व हो। यदि सरकार संसद् बाहिरका दलहरूसँग सहकार्य गर्न इच्छुक छ भने उज्यालो नेपाल पार्टी त्यसका लागि सधैं तयार छ । यो केवल समर्थनको अभिव्यक्ति होइन, सहभागितामूलक लोकतन्त्रप्रतिको स्पष्ट प्रतिबद्धता हो । अन्य राजनीतिक दलहरू पनि सहकार्यप्रति सकारात्मक देखिनुले राष्ट्रिय सहमतिको सम्भावना अझ प्रबल भएको छ । तर सरकारले सफलताको श्रेय मात्र लिन खोज्ने होइन, असफलताको जिम्मेवारी पनि वहन गर्न तयार हुनुपर्छ । साझा प्रयासबाट प्राप्त उपलब्धि सबैको हुन्छ, र कमजोरी पनि साझा रूपमा स्वीकार गर्नुपर्छ । आजको संविधान संशोधन बहस केवल परम्परागत राजनीतिक विषयमा सीमित छैन । विश्व तीव्र रूपमा बदलिँदै छ । कृत्रिम बौद्धिकता, डिजिटल शासन, डाटा सुरक्षा, साइबर सुरक्षा र स्वचालनले राज्य सञ्चालनको स्वरूप नै परिवर्तन गरिरहेका छन् । यस सन्दर्भमा संविधानले भविष्यका चुनौतीलाई सम्बोधन गर्न सक्षम हुनुपर्छ । डिजिटल सेवा विस्तार हुँदै जाँदा नागरिकको डाटा सुरक्षा कसरी सुनिश्चित गर्ने, एल्गोरिदममा आधारित निर्णयलाई पारदर्शी कसरी बनाउने, प्रविधिको पहुँच नभएका नागरिकलाई कसरी समेट्ने, र कृत्रिम बौद्धिकताका अवसर र जोखिमलाई कसरी सन्तुलन गर्ने, यी सबै वर्तमानका चुनौती हुन् । त्यसैले संशोधित संविधान प्रविधिमैत्री, नवप्रवर्तन-अनुकूल र डिजिटल अधिकारप्रति संवेदनशील हुनुपर्छ । नेपालको संसदीय प्रणालीले लोकतान्त्रिक मूल्यहरूको संरक्षण गरेको छ, तर स्थिर सरकार दिन नसकेको आलोचना पनि हुँदै आएको छ । कार्यकारी अधिकार, उत्तरदायित्व र नियन्त्रण बीच सन्तुलनको पुनरावलोकन आवश्यक छ । बहस प्रत्यक्ष निर्वाचित कार्यकारीतर्फ मोडिन सक्छ वा संसदीय प्रणालीभित्रै सुधार खोजिन सक्छ । निर्वाचन प्रणाली समावेशी भए पनि अत्यधिक खर्चिलो र पटक-पटक अस्थिर देखिएको छ । मतदाता र प्रतिनिधिबीचको सम्बन्ध कायम राख्दै परिणामलाई प्रभावकारी बनाउने संवैधानिक संरचना आवश्यक छ । नागरिकता केवल कानूनी कागज होइन, यो पहिचान र अधिकारको आधार हो। यस सम्बन्धी विवादलाई मानवीय संवेदनशीलता र राष्ट्रिय हितबीच सन्तुलन राखेर समाधान गर्नुपर्छ । संघ, प्रदेश र स्थानीय तहबीच अधिकार स्पष्ट नभएसम्म संघीयता प्रभावकारी हुन सक्दैन । स्रोत, जिम्मेवारी र जवाफदेही एउटै तहमा समन्वय हुनुपर्छ। साथै महिला, दलित, मधेशी, थारू, आदिवासी-जनजाति, मुस्लिम, अपांगता भएका नागरिक र अन्य सीमान्तकृत समुदायको प्रभावकारी प्रतिनिधित्व सुनिश्चित गर्न संरचनागत सुधार आवश्यक छ । केवल कोटा होइन, निर्णायक पहुँच सुनिश्चित हुनुपर्छ । त्यसैगरी नियुक्ति प्रक्रिया पारदर्शी, योग्यता-आधारित र राजनीतिक हस्तक्षेपमुक्त हुनुपर्छ। संवैधानिक परिषद्, न्यायपरिषद् लगायत निकायहरूको पुनरावलोकन अपरिहार्य देखिन्छ।हाल संसद्मा संविधान संशोधनका लागि आवश्यक दुईतिहाइ बहुमत नजिकको अवस्था छ । यो ऐतिहासिक अवसर हो। तर बहुमत मात्र पर्याप्त हुँदैनह बहसको गहिराइ, सहमतिको चौडाइ र प्रस्तावको गुणस्तर पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । यदि यो अवसरलाई सीमित राजनीतिक स्वार्थका लागि प्रयोग गरियो भने संशोधन अधुरो र विवादास्पद बन्न सक्छ । तर सबै पक्षलाई समेटेर अघि बढाइयो भने यो संविधानलाई नयाँ उचाइमा पुर्‍याउने ऐतिहासिक उपलब्धि बन्न सक्छ । सजिलो संशोधनभन्दा सही संशोधन अहिलेको प्राथमिकता हुनुपर्छ । अन्त्यमा, संविधान संशोधन कुनै एक दलको एजेन्डा होइनह यो राष्ट्रको साझा पुनर्विचार हो । संसद्, सडक, नागरिक समाज, बुद्धिजीवी र प्रविधि-युगका चुनौतीलाई समेटेर मात्र यसको सार्थकता स्थापित हुन्छ । यदि संशोधनले जनताको आवाज, समावेशी राजनीति, आधुनिक प्रविधि र सक्षम शासनलाई एकै सूत्रमा बाँध्न सक्यो भने त्यो केवल कानूनी परिवर्तन होइन–राष्ट्रिय रूपान्तरण हुनेछ ।

***-अनलाइन खबर डटकम***

## महत्त्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल


| | |
|---|---|
| **मेष** : नँया योजनाहरू प्रारम्भ गर्नमा बाधा आउनेछ। नयाँ अवसरहरू मिल्नेछन्। | **तुला** : महत्वकांक्षी योजनाहरू पूरा हुनेछन्। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। |
| **वृष** : फजुल खर्चबाट बच्नुहोस्। पिताको सहयोगले रोकिएका कार्य बन्नेछन्। | **वृश्चिक** : करियरलाई लिएर चिन्ता रहनेछ। स्वास्थ्यलाई लिएर सावधान रहनुहोस्। |
| **मिथुन** : कर्यक्षेत्रमा सहयोगीहरूको साथ मिल्नेछ । धर्मकर्ममा मन लाग्नेछ। | **धनु** : सक्तिशाली व्यक्तिहरूसँग सम्पर्क बढ्नेछ। आत्मविश्वासमा वृद्धि हुनेछ। |
| **कर्कट** : शत्रुहरू सक्रिय रहनेछन्। अवसरको खोजीलाई लिएर दौडधुप गर्नुपर्ला। | **मकर** : सामाजिक कार्यको लागि दिन अनुकूल रहनेछ। मन प्रसन्न रहनेछ। |
| **सिंह** : सझेदारी व्यापारमा लाभ हुनेछ। प्रशासनिक क्षेत्रका मामलाहरू सुल्झिनेछन्। | **कुम्भ** : नयाँ अवसर पाउन सैर्ष गर्नुपर्ला। स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्। |
| **कन्या** : परीक्षामा सफलता मिल्नेछ। विद्यार्थीहरूको तर्कशक्तिमा वृद्धि हुनेछ। | **मीन** : मन उत्साहित रहनेछ। पेशामा अधिकारी वर्गहरु सहयोगी सिद्ध हुनेछन्। |



# बाल बाटिका

नाटक — कमल रिजाल

## आहार विज्ञान



स्थान- सामुदायिक विद्यालयको आँगन
समय अपराह्न तीन बजे

पात्रहरू- सुवर्ण - स्वास्थ्य शिक्षा शिक्षक, सुलोचना - कक्षा १० की छात्रा, सुभद्र - कक्षा १० को छात्र, सुप्रभा - कक्षा १० की छात्रा, सुदर्शन - कक्षा १० को छात्र । नेपथ्यमा सामुदायिक विद्यालयको परिसर देखिन्छ । दर्शक दीर्घामा विद्यार्थी र उनीहरूका अभिभावकहरू लहरै बसेका हुन्छन् । रङ्गमञ्चमा शिक्षक सुवर्ण कुर्सीमा बसेर विद्यार्थीहरूको प्रतीक्षा गरिरहेका देखिन्छन् । एक छिनमा विद्यार्थीहरू आएर शिक्षकलाई नमस्कार गर्दै वरिपरि बस्छन् ।

**शिक्षक-**(विद्यार्थीहरूलाई सम्बोधन गर्दै) भन त बाबु नानी हो ! आजको अतिरिक्त कक्षामा के पढ्ने विचार गरेका छौ । विद्यार्थीहरू (सामूहिक स्वरमा) खानाका बारेमा जान्न चाहन्छौँ गुरु ! शिक्षक- राम्रो, तर कुन कुरा जान्न चाहेका हौ त्यसबारे विचार गरेका छौ ?

**सुलोचना-** अस्ति तपाईंले हीतभुक, ऋतभुक र मीतभुकमा ध्यान दिनुपर्छ भन्नुभएको थियो त्यो भनेको के हो गुरु !

**शिक्षक-** ए ! त्यो ? लौ सुन । हीतभुक भनेको फाइदा गर्ने चीज मात्र खानुपर्छ भन्ने हो । ऋतभुक भन्नाले नियमपूर्वक खानुपर्छ भन्ने बुझ्नुपर्छ । अनि मीतभुक भनेको थोरै खानुपर्छ भन्ने हो ।

**सुभद्र-** कुन समयमा कुन चीज खाने भन्ने नियम पनि छ कि गुरु !

**शिक्षक-** छ नि किन छैन । मङ्सिर पुस महिनातिर चिसो बढी हुन्छ । त्यसले शरीरको बाहिर एउटा आवरण बनाउने काम गरेको हुन्छ । यसबाट शरीरको गर्मी बाहिर जान पाउँदैन र पाचनशक्ति बढाउने गर्छ । त्यसैले यतिबेला पिरो, अमिलो, तीतो र चिल्लो भोजन गर्नु उपयुक्त हुन्छ । यसबाहेक यतिबेला नयाँ अन्न खानु बढी उपयुक्त हुन्छ । नयाँ अन्नमा भिटामिन बढी हुन्छ । बढी भिटामिन पचाउन पाचन शक्ति पनि त्यस्तै हुनुपर्ने हुन्छ, जुन यति बेलाको समयले दिएको हुन्छ । त्यस्तै माघ र फागुन महिना पनि चिसै महिना हो । त्यसैले यतिबेला पनि यस्तै आहार उपयुक्त हुन्छ ।

*मङ्सिर पुस महिनातिर चिसो बढी हुन्छ । त्यसले शरीरको बाहिर एउटा आवरण बनाउने काम गरेको हुन्छ । यसबाट शरीरको गर्मी बाहिर जान पाउँदैन र पाचनशक्ति बढाउने गर्छ । त्यसैले यतिबेला पिरो, अमिलो, तीतो र चिल्लो भोजन गर्नु उपयुक्त हुन्छ । यसबाहेक यतिबेला नयाँ अन्न खानु बढी उपयुक्त हुन्छ । नयाँ अन्नमा भिटामिन बढी हुन्छ । बढी भिटामिन पचाउन पाचन शक्ति पनि त्यस्तै हुनुपर्ने हुन्छ, जुन यति बेलाको समयले दिएको हुन्छ । त्यस्तै माघ र फागुन महिना पनि चिसै महिना हो । त्यसैले यतिबेला पनि यस्तै आहार उपयुक्त हुन्छ । सुदर्शन- अनि अन्य समयको खाना कस्तो हुनुपर्छ नि गुरु ! शिक्षक- ठीक भन्यौ । चैत र वैशाखतिरको खाना अमिलो, मीठो र रसिलो उपयुक्त हुन्छ । जौ, गहु आदि पनि यतिबेलाका उपयुक्त आहार हुन् । त्यस्तै जेठ र असारतिरका खाना चिसो र मधुर हुनु राम्रो हुन्छ । दूध, दही, घ्यु र चामल यतिबेलाका उपयुक्त आहार हुन् ।*

**सुदर्शन-** अनि अन्य समयको खाना कस्तो हुनुपर्छ नि गुरु !

**शिक्षक-** ठीक भन्यौ । चैत र वैशाखतिरको खाना अमिलो, मीठो र रसिलो उपयुक्त हुन्छ । जौ, गहु आदि पनि यतिबेलाका उपयुक्त आहार हुन् । त्यस्तै जेठ र असारतिरका खाना चिसो र मधुर हुनु राम्रो हुन्छ । दूध, दही, घ्यु र चामल यतिबेलाका उपयुक्त आहार हुन् । बढी नुनिलो, अमिलो, तीतो तथा तातो चीजबाट भने बच्नुपर्ने हुन्छ । त्यसैगरी साउन र भदौतिर जौ, गहुँ, तथा चामल खानु राम्रो मानिन्छ तर ती सकेसम्म पुरानो राम्रो हुन्छ । सम्भव भएसम्म खानामा मह मिलाएर खाँदा बढी फाइदा गर्छ । यतिबेला नदी तथा खोलाको पानी खान तथा पानीमा घोलेको सातु भने खानुहुँदैन । त्यस्तै असोज र कात्तिकतिरको समयमा मधुर र शीत प्रधान खाद्यान्न राम्रो मानिन्छ । यो पित्तजन्य प्रकोपको समय भएकाले पित्त बढाउने खाना भने सकेसम्म नखाँदा नै राम्रो हुन्छ ।

**सुलोचना-** ऋतभुकलाई पनि थप प्रष्ट पारिदिनुहुन्छ कि गुरु !

**शिक्षक-** अवश्य । ऋतभुक भन्नाले नियमपूर्वक खानुपर्छ भन्ने त बुझिहाल्यौ । जहाँसम्म नियमपूर्वक खानुपर्छ भनेको के हो भन्ने कुरा छ । त्यो भने हरेक कुराको नियम हुन्छ । यसमा खाना पनि पर्छ । तरिका मिलाएर खाए त्यही खाना अमृत बन्छ नत्र विष बनेर दु:ख दिन सक्छ । खाना खाँदा सुरुमा ठोस् बीचमा पिरो र अन्त्यमा तरल चीज खानु राम्रो हुन्छ तर धेरै पिरो, अमिलो, चिल्लो, गुलियो, नुनिलो, चिसो र तातो नहोस् भन्नेतर्फ भने सतर्क हुनुपर्छ । तातो खाएको लगत्तै चिसो खानु राम्रो हुन्न । खानासित पानी खानु पनि राम्रो होइन । त्यसैले खाएको एक घण्टापछि मात्र खानुपर्छ । बेलुका सुत्ने बेला तातो र बिहान उठ्ने बित्तिकै चिसो पानी खानु राम्रो हुन्छ । बासी, सडेगलेको र गरिष्ठ चीज कहिल्यै पनि खानुहुँदैन । बेलुका सकेसम्म सुत्नुभन्दा दुई घण्टा अगाडि नै खाइसक्नुपर्छ । फलफूल स्वास्थ्यवर्धक हुन्छन् तर बेलुका सुत्ने बेलामा र बिहान खाली पेटमा भने नखाँदा नै राम्रो हुन्छ ।

**सुभद्र-** अनि मीतभुक भनेको के हो नि गुरु !

**शिक्षक-** यो भनेको थोरै खानुपर्छ भन्ने हो तर यसको अर्थ पेट भोकै राख्ने भन्ने होइन । सकिन्छ भने पेटको दुई भाग मात्र खानाले भर्नुपर्छ । एक भाग पानीलाई र एक भाग वायुलाई खाली छाडिदिँदा बढी राम्रो हुन्छ । त्यसैले एकैचोटी कोचिकोची खानुभन्दा थोरथोरै गरेर पटक पटक खानु राम्रो हुन्छ । बिहानको भन्दा बेलुकाको खाना हल्का हुनुपर्छ । बिहानको खाना मागेर र बेलुकाको खाना बाँडेर खानु भन्ने त भनाइ नै छ । यत्तिकैमा समय सकिएको घण्टी बज्छ । पर्दा खस्छ र सबै घरतिर लाग्छन् ।

***-रातोपाटी डटकम***

---

कथा — प्रविण खपाङ्गी

## कमरेड ज्वाला

२०७६ सालको पुष महिना ! पूर्वाधार विकास कार्यालय पाँचथर फिदिमको जागीरबाट छुट्टीमा घर फर्किंदै थिएँ । छुट्टीमा घर आउँदा जाँदा म बाइकमै ओहोरदोहोर गर्थे । बीचबीचमा रमणीय स्थलहरूतिर बिसाउँदै फिदिम पुग्दा थाकेर लखतरान नै भइन्थ्यो । झापा-फिदिमको त्यति लामो, करीब ५ घण्टाको बाटोमा एक्लै यात्रा गर्नु मलाई पट्यारलाग्दो नै लाग्थ्यो । घर बिदाबाट ड्युटीमा फर्किनु त्यसै पनि जाँगर नचल्ने । त्यो दिन पनि बिहानको खाना खाएर करीब १२ बजेतिर म घरबाट निस्किएँ । इलाम पुग्दा पौने ३ भएको थियो । इलाममा एकछिन खाजा खान रोकिएँ । लगभग साढे ३ बजेतिर पुवा खोला पुगेँ । नेपालटार आउन लागेकाले मनमा अनेक कुरा खेलाउँदै म आफ्नै सुरमा उक्लिँदै थिएँ । कारण के भने नेपालटारदेखि मंगलबारेसम्मको पहिलो कालोपत्रे गर्ने काममा म ठेकेदार कम्पनीबाट इन्जिनियर थिएँ र पटकपटक काठमाडौँबाट त्यहाँ जान्थेँ । कम्पनीको बोलेरोमा हिलो सहीतको त्यो बाटो धेरै चोटी ओहोरदोहोर गरेको, जाँदैपिच्छे हप्ता दिन लगभग बस्ने निर्माण कार्यको सुपरिवेक्षण गर्ने नापजाँच गर्ने र बिल बनाउने काम सकाएर म काठमाडौँ फर्किन्थेँ । त्यति बेलाका तितामिठा सम्झनाहरूमा डुब्दै गर्दा नेपालटार चोक कट्नासाथ एकजना करीब ६० जतिका मतवाली अनुहार परेका बुढा मान्छेले बाइक रोक्ने इशारा दिए । उनको छेवैमा करीब १६, १७ वर्षकी रातोपिरो अनुहार गरेकी युवती थिइन् । मेरो पुरुष मनले ती बुढालाई भन्दा पनि युवतीलाई देखेर सहजै बाइक रोक्यो । पक्कै लिफ्ट नै माग्न खोजेको भन्ने मैले अन्दाज गरिहालेँ, तर दुईमध्ये कसलाई लिफ्ट दिने भन्ने थाहा भएन । बुढाले नरम हुँदै लिम्बु लवजमा भने - "हाओ सर कहाँसम्म पो जानुहुदेछ ?" "म फिदिमसम्म" पुलुक्क युवतीको अनुहारतिर लोभी नजर दौडाउँदै मैले छोटो उत्तर दिएँ । "ए लु हाओ भैगोनी आज लास्ट गाडी पनि उम्किगोएछ की सर हाम्रो छोरीलाई फिदिमसम्म पो लग्दिनुहुन्थ्यो कि भनेर पो रोकिपठाको हाओ ?" मैले तुरुन्तै भनेँ - "ए भैहाल्छ नि बुवा, बस्नु बैनी म फिदिमै जाने त हो !" उराठलाग्दो एकोहोरो यात्रामा तरुनी युवतीलाई लिफ्ट दिएर लगभग ३ घण्टाको बाटो सँगै यात्रा गर्न पाउँदा मेरो पुरुष मन भित्रभित्रै फुरुङ्ग भएको थियो । युवतीसँग गफगाफ गरेर फोन नम्बर वा फेसबुक आइडी लिने सम्मको योजना बनाइसकेको थियो मनले । उनी चुपचाप केही नबोली बसेपछि मैले नै बिस्तारै कुरा शुरु गरेँ । "बैनीको घर नै फिदिम हो ?" "हजुर" "ए अनि यता चैं के आफन्तकोतिर आउनुभाको थ्यो कि ?" "हजुर त्यस्तै ......." "ए ..ए.." त्यति बोलचाल भएर एकैछिन सन्नाटा छायो । उनले मेरो बारेमा केही सोधिनन्, म भने के कुरा निकालेर बोलुम् भनेर जुक्ति सोच्न थालेँ । "अनि के पढ्नुहुन्छ कि जब गर्नुहुन्छ ?" "हजुर..." उनको दोश्रो जवाफ पनि त्यति मात्रै आयो, उनी लजालु खालकी भन्ने मैले थाहा पाइसकेपछि एकछिन केही सोधिनँ । मंगलबारेदेखि अलिक मास्तिर लाग्नासाथ बाटो पुरै हुस्सेले ढाक्यो अनि निकै चिसो पनि भयो । एकान्त जंगलको बाटो छ, घरहरू पातलो छ । राँके पुगिएको छैन । बोल्न खोज्दा युवतीले खासै बाल नदिएपछि म कताकता हिस्स पनि भएँ । "यस्तो बोल्दै नबोल्ने केटीबाट कसरी फेसबुक आइडी फोन नम्बर पाउने ?" मनमनै यस्तो सोच्दै थिएँ तैपनि उनको मौनता तोड्छु नै भन्ने लाग्दैथ्यो । "तपाईंको चैं घर ? अनि यता के गर्नुहुन्छ ?" अचानक उनको प्रश्नले म केही आशावादी भएँ र त्यति छोटो प्रश्नको लामो उत्तर दिँदै आपफ्नो घर झापा भएको र यता सरकारी अङ्गामा इन्जिनियर काम गर्ने गरेको बताएँ । उनले नसोधी फिदिममा आफू कहाँ बस्ने घर कति कति दिनमा झर्ने अनि साइटहरू गैरहने सबै बताएर त्यस्तै इलामतिर वा झापातिर जानुपर्यो भने म झर्नेबेला लग्दिन्छु नि सम्म भन्न भ्याएँछु । उनले मेरो उत्तरप्रति खासै वास्ता गरिनन् । मेरो छिटो छिटो अनि अस्वाभाविक र अनावश्यक प्रश्नहरूले उनी अलिक अनौठो र झर्को मानेजस्तो लागेपछि म मौन भएँ । मैले यो बिचमा नेपालटारदेखि मंगलबारेसम्मको बाटो मैले नै बनाको भनेझैं सबै सुनाइसकेको थिएँ । उनले "ए..." भन्दा धेरै केही कुरामा पनि प्रतिक्रिया दिन्नथिन् । एक ठाउँमा अलिक एकलासमा पिसाब फेर्न रोक्ने भन्दा पनि उनले अलिक अप्ठ्यारो मानेपछि मैले राँके मै पुगेर खाजा खाने प्रस्ताव गर्ने र त्यहीँ पुगेर पिसाब फेर्ने सोचेर अघि बढेँ । मैले कसो कसो गरेर फेसबुकको प्रसङ्ग निकालेँ । नाम थर सोध्ने प्रयत्न गरेँ । घरिघरि अलिक अगाडि सर्नुस् न पनि भन्थेँ, उनी पर अलगगै बस्थिन् । ब्रेक लाग्दा पनि मलाई नछोई शरीर हुत्तिन दिन्न थिइन् । मैले निकै नै घुमाएर "फेसबुकमा चैं के नाम लेख्नुहुन्छ ?" सम्म भनेपछि उनले अप्ठ्यारो माने झैं गर्दै भनिन् - "त्यस्तो फेसबुक चलार बस्ने फुर्सद नै हुँदैन दाई हाम्रो, पार्टीमा लागेको मान्छे ! उनलाई बीचैमा रोक्दै मैले सोधेँ - "पार्टीमा भन्नाले ?" "विप्लव..." उनले निकै लामो मौनता तोड्दै निडर भएझैं गर्दै बोलिन् । मैले बिलकुल नसोचेको उत्तर आएपछि म आश्चर्यचकित भएँ । "ए हजुर विप्लव माओवादीमा पो हुनुहुन्छ ?" मैले अलिक हच्के जस्तो गरेर भनेँ । "हजुर दाई यता पार्टीकै प्रशिक्षण कारेक्रम थ्यो मंगलबारेमा अनि त्यसैमा गोएर आको दाई.... मेरो पार्टीको नाम चैं कमरेड ज्वाला" कताकता आफ्नो अगाडिको व्यवहार सम्झेर मेरो सातोपुत्लो उडेजस्तो भो । मैले त्यसपछि उनको बिहे भाको नभाको कुरा सोधेँ । उनले भनिन्- "पार्टीकै सिसिएम लेबलको कम्रेडसँग मेरो बिहे हुने कुरा छ दाई वहाँ चैं उता खोटाङ्ग को राई हो" "अनि पार्टीमा त एकदम कडा अनुशासन हुन्छ होला है हजुरहरूको ?" मैले तपाईंबाट अघि नै हजुरमा पुर्याइसकेको सम्बोधनले, उनी पनि अलिक खुलेर बोल्न थालिन् ।" "हजुर कडा नै हुन्छ नि दाइ...मलाई महिला विभागको इन्चार्ज बनाको छ" राँके पुगियो । म त्यहाँ प्राय कफी चिया खान्थेँ, खाजा इलाम मै खाइसकेको हुन्थेँ । त्यो दिन चैं मैले निकै भोक लागेको झैं गरेर उनलाई खाजा खाने प्रस्ताव गरेँ, आफू जैले यहीं खाजा खाने गरेको झुटो कुरा बताएँ तर उनले निकै अप्ठ्यारो मानेझैं गर्दै भनिन् - "अब १ घण्टामा पुगी त हालिन्छ दाई म त खाजा भर्खर खाएर हिनेको, नखाऊँ होला हौ सरासर जाऊँ न ल" म अक्क न बक्क भएँ, आखिर मैले पनि खाजा त इलाम मै खाइसकेको थिएँ । "हुन्छ त्यसो भा..." यति भनेर म सधैं खाजा खाने होटेलमा पिसाब मात्र फेरेर हिन्न खोज्दा साहुजीले जिस्काए झैं गर्दै सोधे - "के हो सर आज त पेसेन्जर दह्रो भेट्नु भएछ नि...अनि चिया सिया केही नखाई जाने आज ?" उनले भनेको ती युवतीले सुन्लिन् भनेर म डरले मरिगएँ...अझ उनले भनेको "दह्रो पेसेन्जर" भन्नाले उनले पनि ती युवतीलाई चिन्दारैछन् भन्ने जस्तो पर्न गयो र म आज नखाऊँ हजुर चिया भनेर म हतार हतार निस्किएँ । त्यसपछि मैले धेरै गफगाफ गर्ने जमर्को गरिनँ । मैले त्यसपछि विप्लव आफूलाई धेरै मन पर्ने भएको र देशलाई चाहिने नेता भएको कुरा बताएँ । केही महिना अघि हाम्रो कार्यालयमा विप्लवको मान्छे भन्दै चन्दा माग्न आएको मलाई थाहा थ्यो तर मैले त्यो कुरा बिलकुल उक्काइन । मलाई विप्लवको चन्दा आतंक पट्टक्कै मन पर्दैनथ्यो तर त्यो कुरा कमरेड ज्वालाको छेउमा निकाल्दै निकालिनँ । अब म एउटा सोझी सिधा ठानेको गाउँले अल्लारे युवती हैन विप्लव माओवादीको महिला कमाण्डरलाई लिफ्ट दिइरहेको थिएँ । मैले उनीसँग नजिकिने, फोन नम्बर फुत्काउने फेरी फेरी पनि लिफ्ट दिने कुरा सबै दिमागबाट हटाइसकेको थिएँ । कतिबेला फिदिम आइपुग्छ भन्ने भाको थियो । उनीसँग खासै थप कुरा केही भएन । केहीबेरमा फिदिम पुगियो । उनले आफ्नो घर कहाँ नेर भन्ने पनि बताइनन्, मैले सोध्ने आँट पनि गरिनँ । उनले लिम्बुवान गेटमै रोकिदिन भनिन् , उत्रेपछि उनी यसो हाँसेजस्तो गरेर बिदा भइन् ...उनले धन्यवाद पनि भनिनन् । करीब १ हप्ता पछाडीको कुरा हो । म बिहान नजिकैको तरकारी पसलमा तरकारी किन्न पुगेँ । त्यहाँ तिनै युवती तरकारी किनिसकेर पैसा दिएर मलाई नदेखे झैं गर्दै हतार हतार गरेर ओरालो लागिन् । मैले तरकारीको पैसा दिँदै पसले साउजीलाई सोधेँ- "यो बहिनी त विप्लवको कमाण्डर पो रैछिन् है अङ्कल ? कहाँ नेर रैछ यिनको घर ? अस्ति मैले इलामबाट बाइकमा लिफ्ट देको थिएँ । विप्लवको कत्तिको प्रभाव छ यता अङ्कल ?" निकै नजिककै चिनजान भैसकेका साहुजीलाई मैले खुलेर सोधेँ । "हन को भन्नुभाको हौ सर ? यो केटी कताको विप्लवको कमाण्डर हुनु हौ ? यै तलतिर चेम्जोङ्ग जेठाको छोरी पो त, भर्खरकी केटी के को विप्लवको कमाण्डर हुनु हौ ! कोल्ले भनो सरलाई ?...यसपाली हाम्रो छोरीसँगै एस ई ई दिन आँटेकी छ । तपाईं झुक्किनुभो होला सर ...तेस्तो विधि पहिला जस्तो उत्पात आतंक त छैन हौ सर विप्लवको अचेल भरि...." सब्जी पसले अङ्गलको कुराले म छाँगाबाट झरेझैं भएँ । पसलमा भिड बढ्यो म त्यहाँबाट बिदा भएँ । २ दिनपछि भेट्दा सब्जी पसले अंकलले फेरि कुरा कोट्याए । मैले आफू झुक्किएको, अर्कै अनुहार मिल्ने युवतीलाई लिफ्ट दिएको रैछु अङ्कल भनेर टारेँ । अंकलले पनि ठोकुवा गरे - "त्यो तपाईंले लिफ्ट देको केटी यो हुँदै हैन । झुक्कीनुभो अनुहार मिल्थ्यो होला !" यति वर्षसम्म पनि मैले पत्तो पाउन सकेको छैन कि ती चेलीले मलाई किन त्यसरी ढाँटिन् ? जंगलको बाटो, हुस्से लागेर दिउँसै अँध्यारो जस्तो हुने त्यो मंगलबारे - फिदिमको बाटो सम्झिनासाथ मलाई कमरेड ज्वालाको याद आउँछ ।

*कम्पनीको बोलेरोमा हिलो सहीतको त्यो बाटो धेरै चोटी ओहोरदोहोर गरेको, जाँदैपिच्छे हप्ता दिन लगभग बस्ने निर्माण कार्यको सुपरिवेक्षण गर्ने नापजाँच गर्ने र बिल बनाउने काम सकाएर म काठमाडौँ फर्किन्थेँ ।*

***-साहित्यपोस्ट डटकम***

# दाङमा लाटोकोसेरो तथा हुचिल उत्सव हुने



घोराही (दाङ), वैशाख १६/दाङको लमहीमा लाटोकोसेरो तथा हुचिल उत्सव हुने भएको छ । सङ्कटापन्न अवस्थामा पुग्दै गएको लाटोकोसेरो संरक्षण गर्ने उद्देश्यले पहिलो पटक लमही नगरपालिका-५ स्थित जैविक विविधता पार्कमा यही वैशाख १८ र १९ गते उत्सव हुने भएको हो ।

अजम्मरी सामुदायिक वन उपभोक्ता समूह लमही र काठमाडौँस्थित 'प्रकृतिका साथीहरू' संस्थाको संयुक्त आयोजनामा लाटोकोसेरो उत्सव हुन थालेको हो । किसानको साथीका रूपमा चिनिने लाटोकोसेरोको संरक्षणमा जनचेतना फैलाउने उद्देश्यले दाङमा पहिलो पटक उत्सवको आयोजना गरिएको प्रकृतिका साथी संस्थाका निर्देशक राजु आचार्यले जानकारी दिए । उनका अनुसार पछिल्लो समय लाटोकोसेरोको अवैध व्यापार र चोरीसिकारी बढ्दै जाँदा यसको अस्तित्व सङ्कटमा परेको छ । लाटोकोसेरोसँगै समग्र चरा तथा वन्यजन्तु संरक्षणको सन्देश पुऱ्याउने, स्थानीय समुदायलाई वातावरणप्रति जिम्मेवार बनाउने र जैविक विविधताको महत्वबारे जानकारी गराउने उद्देश्यले यसअघि धादिङ, चितवन, नवलपरासी, गोर्खा, कास्की, कपिलवस्तु, दोलखा र खोटाङलगायत जिल्लामा यो उत्सव गरिएको संस्थाका निर्देशक आचार्यले बताए । उत्सवले लाटोकोसेरोसम्बन्धी स्थानीय नागरिकलाई ज्ञानसँगै संरक्षणमा सहयोग पुऱ्याउने अजम्मरी सामुदायिक वन उपभोक्ता समूह लमहीका अध्यक्ष पवन शर्मा रिजालले बताए । ठूला र बूढा रुखको कटानी, परम्परागत घर संरचनाको कमी तथा आधुनिक निर्माण शैलीका कारण यसले सुरक्षित बासस्थान पाउन कठिन भएको उनको भनाइ छ । दुई दिनसम्म सञ्चालन हुने उत्सवमा विभिन्न आकर्षक कार्यक्रम सञ्चालन गरिने छन् । पहिलो दिन चरा अवलोकन, लाटोकोसेरोसम्बन्धी अस्थायी लघु म्युजियम, रोबोट प्रदर्शनी तथा श्रव्यदृश्य सामग्रीको प्रस्तुति राखिन छ । दोस्रो दिन संरक्षण, संस्कृति र लाटोकोसेरोसँग सम्बन्धित सामग्रीको प्रदर्शनी गरिने आयोजकले जनाएको छ । यसका साथै स्थानीय थारू, मगर, गुरुङ, कुमाललगायत समुदायका सांस्कृतिक नृत्य, भजन तथा लोपोन्मुख स्थानीय खेल प्रतियोगिता आयोजना गरिनेछ । उत्सवलाई थप आकर्षक बनाउन नेपालको सबैभन्दा ठूलो लाटोकोसेरोको मास्कोटसमेत प्रदर्शन गरिने तयारी गरिएको छ । कानुनी रूपमा लाटोकोसेरोको सिकार वा किनबेच गर्न पाइँदैन । यदि कसैले यस्तो गरेमा २५ हजारदेखि ५० हजारसम्म जरिवाना वा छ महिनादेखि एक वर्षसम्म कैद सजाय वा दुवै सजाय हुने व्यवस्था छ । नेपालमा तराईदेखि हिमालसम्म लाटोकोसेरो पाइने भए पनि यसको यकीन संख्या उपलब्ध छैन । विश्वभर २३ प्रकारका लाटोकोसेरो पाइने अभिलेख छ भने नेपालमा करिब ८८६ प्रजातिका चरामध्ये ३९ प्रजाति लोपोन्मुख अवस्थामा रहेका वन उपभोक्ता समूहका अध्यक्ष रिजालले जानकारी दिए । सोअवसरमा स्थानीय संरक्षण पुरस्कारअन्तर्गत रासस दाङ फोटो पत्रकार कुलदीप न्यौपाने र कालिका सामुदायिक वन उपभोक्ता समूह राप्ती गाउँपालिका-२ देउखुरीलाई सम्मान गरिने भएको छ ।

## खेलकुद समाचार

### आईपीएल क्रिकेटमा पञ्जावको पहिलो हार



**काठमाडौं,** वैशाख १६/इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा राजस्थान रोयल्सले पञ्जाब किंग्सलाई ६ विकेटले हराएको छ । २२३ रनको लक्ष्य पछ्याएको राजस्थानले १९ ओभर २ बलमा ४ विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो । राजस्थानको जीतमा डोनोभन फेरेइराको अविजित ५२ रन र यशस्वी जैसवालको ५१ रनको योगदान महत्त्वपूर्ण रह्यो । शीर्षस्थानमा रहेको पञ्जाब किंग्सको यो सिजनको पहिलो हार हो । मंगलबार बेलुका न्यु चन्डीगढमा पहिला ब्याटिङ गरेको पञ्जाबले २० ओभरमा ४ विकेट गुमाएर २२२ रन बनाएको थियो । पञ्जावका मार्कस स्टोइनिसले ६२ रन र प्रभासिम्रन सिंहले ५९ रन बनाए पनि जीतका लागि पर्याप्त भएन । जीतसँगै राजस्थान अङ्क तालिकाको तेस्रो स्थानमा उक्लिएको छ ।

## अर्थ/कर्पोरेट समाचार

# शेयर बजार लगातार दोस्रो दिन दोहोरो अङ्कले घट्यो




**पाल्पा,** वैशाख १६/शेयर बजार लगातार दोस्रो दिन दोहोरो अङ्कले घटेको छ । मंगलबार २६ अङ्कले घटेको शेयर बजार परिसूचक नेप्से बुधबार २५ दशमलव ८१ अङ्कले घटेर २ हजार ७४४ दशमलव ४५ विन्दुमा झरेको छ ।

बुधबार विकास बैंक, म्युचल फन्ड र व्यापार बाहेक सबै समूहको सूचक घटेकोमा उत्पादन तथा प्रशोधन समूहको सूचक सबैभन्दा धेरै २ दशमलव २४ प्रतिशतले ओरालो लागेको छ । बुधबार २३५ वटा कम्पनीको शेयर घटेकोमा ३० वटाको बढेको छ । यस्तै ४ वटा कम्पनीको शेयर घटबढ भएको छैन । बुधबार कुमारी बैंकको डिबेन्चर २०९० सबैभन्दा धेरै साढे ११ प्रतिशतले ओरालो लागेको छ । समग्रमा बजार घटेको दिन कर्पोरेट डेभलपमेन्ट बैंकको शेयर १३ दशमलव ८१ प्रतिशतले बढेको छ । बुधबार नेप्सेसँगै कारोबार रकम पनि घटेको छ । मंगलबार ६ अर्ब ५३ करोडको कारोबार भएकोमा आज ३५१ वटा कम्पनीका १ करोड २१ लाख कित्ता शेयर ४ अर्ब ९८ करोड रुपैयाँमा किनबेच भएको छ ।

# जात्रा–पर्व संरक्षणमा...

...संघका अध्यक्ष समिरमान महर्जनको अध्यक्षता, वाणिज्य उपाध्यक्ष रञ्जना अर्यालको धन्यवाद ज्ञापन, महासचिव विनायक महर्जनको सञ्चालनमा कार्यक्रम भएको थियो ।

**जात्रा- पर्व हराउँदै गएकोमा चिन्ता**

तानसेन बजार नेवारी समुदायको बाहुल्य भएको सहर हो । यहाँ घरैपिच्छे मन्दिर तथा देवालय छन् । वर्षको सुरुआतमा मनाइने बटुक भैरव जात्रादेखि लिएर अन्तिममा मनाइने चैतेदसैं जात्रा गरी यहाँ वर्षभरी नै जात्रा चलिरहन्छ । यहाँ विगतदेखि नै गाई जात्रा, रोपाई जात्रा, बाघ जात्रा, ऐतिहासिक भगवती जात्रा जस्ता महत्वपूर्ण जात्राहरु हुँदै आएका छन् । संस्कृतिले ओतप्रोत तानसेन अहिले शून्यप्राय: छ । पहिले वर्षभरि नै स्वतस्फूर्त रूपमा बजारमा शात्रीय संगीत घन्कन्थ्यो । अग्रज कलाकारले भजन मण्डली बनाएर भजन, राग गाउँदै मृदंग र मुजुराको तालमा बजार परिक्रमा गर्थे । अहिले मौलिक परम्परा धेरै लोप भइसकेका छन् । पछिल्लो समयमा तानसेनका चाडपर्व र जात्राहरु हराउदै जान थालेकाले यसको संरक्षणमा सबै पक्षले ध्यान दिनुपर्ने आवाज समेत उठ्न थालेको छ । जात्रा पर्व मनाउन खर्चिलो हुने भएकाले यीनिहरु विस्तारै हराउँदै जान थालेको तानसेनवासीहरुको गुनासो छ । उनीहरुले मठमन्दिर जीर्ण हुँदै गएको ,संरक्षणको अभावमा कतिपय इतिहास बोकेका सम्पदाहरु समेत लोप भइसकेका भन्दै चिन्ता व्यक्त गरेका छन् । केही गुठी र स्थानीय टोल समूह मिलेर सामान्य रूपमा परम्परा धान्ने काम गरे पनि जात्रा पर्व र मठमन्दिरको उचित संरक्षण हुन नसकेको स्थानीयहरुको भनाई छ । उनीहरुले इतिहास बोकेका परम्परा र संस्कृतिको सम्वर्द्धनमा स्थानीय, प्रदेश र संघीय सरकारले ध्यान दिनुपर्ने बताउँदै आएका छन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई